# राष्ट्रिय मानव अधिकार आयोग नेपाल

सबैका लागि मर्यादा, समानता तथा न्याय

राष्ट्रिय मानव अधिकार आयोगको २६ औं स्थापना दिवसका सभाअध्यक्ष राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्षज्यू,

आजको यस कार्यक्रमका प्रमुख अतिथी सम्माननीय सभामुखज्यू, विभिन्न संवैधानिक आयोगका माननीय अध्यक्षज्यूहरु तथा सदस्यज्यूहरु

नेपाल सरकारका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, उपस्थित सबै विशिष्ट अतिथीज्यूहरु, पत्रकारज्यूहरु, उपस्थित मानव अधिकारका अभियन्ता साथीहरु ।

आज राष्ट्रिय मानव अधिकार आयोगको स्थापना दिवसको अवसरमा यहाँ उपस्थित सबैलाई हार्दिक शुभकामनाको साथै, हामी सबैले यहाँ आआफ्नो ठाउँबाट मानव अधिकारको संरक्षणमा के कस्तो भूमिका खेल्न सफल भयौ वा असफल भयो आत्म समीक्षा पनि गर्नुपर्ने कुरालाई मनन गर्न चाहन्छु ।

मानव अधिकारको लागि बोल्ने, रक्षा गर्ने सजिलो यात्रा होइन भन्ने कुरा यहाँ उपस्थित धेरै यो यात्रामा हिँड्नेले महसुस गरेको कुरा हो। हामीसँग मानव अधिकारको प्रत्याभूति गराउनुपर्ने भन्ने बाध्यात्मक कानुन छन्, संविधान छ, अन्तराष्ट्रिय प्रतिबद्धताहरु छन् तर यति हुँदाहुँदै पनि प्रशासनिक संरचना लगायत विभिन्न कारणले राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिस कार्यान्वयन हुन नसक्नु हाम्रो राज्य मानव अधिकार प्रति कति असंवेदनशील छ भन्ने प्रष्ट हुन्छ ।

हालैको जेनजी आन्दोलनको अनुसन्धानलाई सूक्ष्म ढङ्गबाट अनुसन्धान गरी राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो जिम्मेवारी पूरा गर्यो। आयोगले खाली घटना मात्र हेरेन यसको पछाडिको सत्य खोजी पीडितलाई न्याय दिलाउन, दोषीलाई कारबाही गर्नु र भविष्यमा यस्ता घटना दोहोरिन नदिनको लागि विभिन्न सिफारिस गरेको छ तर पुनः प्रश्न हामी सबैको मनमा के सरकारले आयोगको सिफारिसलाई विगतका जस्तै फाइल भित्र मात्र सीमित त राख्दैन ?

मानव अधिकार आयोगलाई केवल घटना घटिसकेपछि अनुसन्धान र अनुगमनमा मात्र सीमित नराख्नको लागी आयोगमा अन्य धेरै अधिकारकर्मी, समुदायसँगको काम गरेका मानव अधिकार रक्षक र GANHRI ले पनि दिएको सुझाव अनुसार अझ बढी महिला आयुक्तको आवश्यकता भएको मैले महशुस गरेको छु।

किनकी, पहिला मानव अधिकार उल्लंघन सडकमा, जेलभित्र, घरभित्र, द्वन्द आदीमा देखीन्थ्यो भने आज हातको मोबाईलको एउटा स्क्रीनबाट पनि कैयौं अधिकार उल्लंघन भइरहेको हामी पाउँछौ । तसर्थ राष्ट्रिय मानव अधिकार आयोगको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ । त्यसैले पनि आयोगको संस्थागत संरचना र कार्यान्वयन प्रकृयालाई अझ सुदृढ बनाउन वर्तमान सरकारले पक्कै पनि सशक्त भूमिका खेल्दछ भन्ने आशा गरेका छौ ।

सभामुख महोदय, हामी आयोगमा आएपछि पनि धेरै प्रधानमन्त्रीहरु परिवर्तन हुनुभयो। सरकार बदलियो, प्राथमिकता बदलियो तर मानव अधिकार आयोगलाई स्वायत्त र संस्थागत सुदृढ हुने कुरामा सधैं नै निराशा नै बनाइरहेको कुरा अवगत गराउन चाहन्छु । मलाई आशा छ वर्तमान सरकारले मानव अधिकारलाई खाली भाषण र घोषणापत्रमा मात्र सीमित नराखी समुदायको माग सामाजिक दायित्वलाई पनि विश्लेषणात्मक भएर काम गरोस् भन्ने शुभकामना पनि दिन चाहन्छु।

किनकि भर्खरै मात्र भएको मन्त्रालयको पुनःसंरचनात्मक कार्यमा वर्षौदेखि रहेको र राज्यमा १०% भन्दा बढी जनसङ्ख्या भएको जेष्ठ नागरिकको नाम नै मन्त्रालयबाट हटाउन पर्ने के कस्तो अवस्था थियो भन्ने कुराले पनि सरकारको कार्यशैली प्रति प्रश्न चिन्ह खडा भएको महसुस गराउन चाहन्छु ।

यसको साथै सुकुम्बासी तथा आवासविहिन नागरिकहरूको व्यवस्थापनको राम्रो कार्यको थालनी हुँदाहुँदै पनि प्रक्रिया नपुऱ्याएर, तथ्याङ्क विश्लेषण नै नगरी उनीहरुलाई हटाउँदा त्यहाँ धेरै बालबालिका, जेष्ठ नागरिक, बिरामीको दैनिकीमा असर परेकोले पनि शीघ्र उचित प्रक्रिया अवलम्वन गरी सो व्यवस्थापनको लागि सम्बोधन होस् भन्ने पनि म यहाँ राख्न चाहन्छु।

अन्त्यमा मानव अधिकार आयोगको स्थापना दिवसको अवसरमा उपस्थित सबैमा हार्दिक स्वागत गर्दै सम्माननीय सभामुख, आयोग संस्था मात्र होइन यो धेरैको आशा र भरोसाको केन्द्र हो। यसलाई जोगाउन सक्रिय भूमिका खेलिदिनुस् भन्ने आग्रहको साथै म बिदा हुन्छु।

धन्यवाद